# हरिवन नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
# हरिवन, सर्लाही
# प्रदेश नं. २

**आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) का लागि**
**डांक बढाबढ सम्बन्धी सार्वजनिक सूचना**

**पहिलो पटक प्रकाशित मिति : २०७५।०५।२८**

हरिवन नगरपालिकाले आ.ब. २०७५/०७६ को बाँकी अवधिका लागि आन्तरिक आय संकलन गर्न हरिवन न.पा भित्रका विभिन्न पोखरीको डाँक बढाबढबाट ठेक्कामा लगाउन निम्न मिति समय र स्थानमा डाँक बढाबढ गरिने भएकोले ईच्छुक व्यक्ति/फर्मबाट देहाय बमोजिमका शर्तको अधिनमा रही डाँक बढाबढमा सहभागी हुन यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | ठेक्काको विवरण | ठेगाना | न्यूनत्तम दर रेट | डाँक बढाबढ हुन | | |
|---|---|---|---|---|---|---|
| | | | | मिति | समय | स्थान |
| २।२०७५।०७६ | शिवसागर पोखरी | हरिवन-०९ | १,००,०००।०० | २०७५,असोज ०४ | विहान ११:००वजे | ह.न.पा.कार्यालय |
| ३।२०७५।०७६ | गणेश चोकपोखरी | हरिवन-०४ | ६०,०००।०० | २०७५,असोज ०४ | विहान ११:००वजे | ह.न.पा.कार्यालय |

**शर्तहरु**

१. डाँक बढाबढ बोल्ने व्यक्ति नेपाली नागरिक भए आफुले कबुल गरेको अङ्कको ५% र गैर नेपाली नागरिक भए आफुले कबुल गरेको अङ्कको १०% धरौटी रकम यस नगरपालिकाको नेपाल बैंक लिमिटेड, हरिवन शाखामा रहेको धरौटी खाता नं. १३२०३००००००००३००००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा ७५ दिन म्याद भएको बिडबण्डको सक्कल प्रति वा नगदै रकम डाँक बढाबढको बखत पेश गर्नु पर्ने छ ।

२. न्यूनत्तम अंकबाट डाँक बढाबढ सुरु गरी अन्तिम समय समाप्त भए पश्चात तत्कालै सबैभन्दा बढी अंक डाँक कबोल गर्नेको डाँक नियमानुसार धरौटी लिई तत्कालै स्वीकृत गरिनेछ ।

३. उल्लेखित ठेक्का वापत नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने सबै कर ठेकेदारले बुझाउनु पर्नेछ ।

४. डाँक बढाबढ गर्ने ठेकेदारले आफुले कबोल गरेको सम्पूर्ण रकम बुझाई ७ (सात) दिन भित्र पट्टा लिएमा कबुल अंकमा १०% सम्म छुट दिईने छ । अन्यथा कबुल अंकलाई बढीमा तिन किस्तामा बिभाजित गरी प्रथम किस्ताको रकम सम्झौताको बखत बुझाई बाँकी रकम बराबरको ठेक्का अवधी भन्दा कम्तीमा एक महिना बढी अवधी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट जारी भएको बैंक जमानत पट्टा लिने समयमा पेश गर्नु पर्नेछ ।

५. ठेक्का सकार गरेको सात दिन भित्र पट्टा नउठाएमा निजको धरौटी जफत गरी दोस्रो कबुलवालाको नाममा ठेक्का स्वीकृत गरी डाँक बढाबढमा व्यक्ति स्वयम् उपस्थित हुनु पर्नेछ । थप जानकारीको लागि यस कार्यालयको योजना शाखा वा ९८५४०३७४९७ मा सम्पर्क गर्न हुन अनुरोध छ ।

**प्रमुख प्रशासकीय अधिकृत**